# बालाचतुर्दशी पर्व २०८१ को व्यवस्थापन सम्बन्धी पशुपति क्षेत्र विकास कोषको प्रेस विज्ञप्ति

मिति २०८१/०८/११ गते मंगलबारका दिन पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरु तथा कर्मचारीहरु र सुरक्षा निकायका प्रतिनिधीहरु सहितको उपस्थितिमा काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा पशुपति क्षेत्र विकास कोषमा बैठक बसी सुरक्षा लगायत बालाचतुर्दशी पर्व २०८१ को व्यवस्थापनसँग सम्बन्धित विविध विषयमा निर्णयहरु गरिएको छ । उक्त बैठकका निर्णयहरु सहित यस बर्षको बालाचतुर्दशी पर्व व्यवस्थापनका लागि पशुपति क्षेत्र विकास कोषले गरेका तयारीका बारेमा बालाचतुर्दशी पर्वमा पितृहरुको सम्झनामा रातभर जाग्राम बसी बत्ती बाल्न आउने भक्तजनहरु र शद्बीज छर्नका लागि पावन पशुपति क्षेत्रमा आउने भक्तजनहरुले ध्यानदिनु पर्ने विषयहरु आम सञ्चार माध्यम मार्फत् सम्बन्धित सबैलाई सुसुचित गराउने उद्देश्यले आज पत्रकार भेटघाटको आयोजना गरी यो जानकारी मुलक विज्ञप्ति जारी गरिएको छ ।

आदरणीय पत्रकार मित्रहरु,

यस बर्षको बालाचतुर्दशी पर्वको अवसरमा मिति २०८१/०८/१४ गते शुक्रबार पितृहरुको सम्झनामा रातभर जाग्राम बसेर बत्ती बाल्ने र भोलिपल्ट अर्थात् मिति २०८१/०८/१५ गते शनिबार बिहान बाग्मती नदीमा बत्ती विसर्जन गरी पशुपति क्षेत्रका मठ-मन्दिर, देवालय, शिवालय, कैलाश चौर, मृगस्थली, श्लेष्मान्तक वन, मृगवाटिकाको भागलभुगल लगायतका स्थानहरुमा शद्बीज छर्ने परम्परा रहेको छ ।

सुरक्षा व्यवस्था :-

१) भकुण्डोल स्थित कार पार्कमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको कमाण्ड पोष्ट खडागरी संयुक्त रुपमा सुरक्षा व्यवस्था मिलाउने । कोरक्षेत्रमा सद्बीज मार्ग र बत्ती बाल्ने स्थानहरुमा सुरक्षाकर्मी खटाई शान्ति सुरक्षाको प्रबन्ध मिलाइनेछ ।

२) पशुपति क्षेत्रमा मांस-मदिरा तथा नशालु पदार्थको बिक्री वितरण, ओसारपसार, भण्डारण तथा सेवन गर्न पूर्ण रुपमा निषेध गरिएको हुँदा सो को प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समेत गर्ने व्यवस्था मिलाईने छ ।

३) सद्बीज मार्गका बारेमा विभिन्न माध्यमबाट व्यापक रुपमा सर्वसाधरणलाई जानकारी गराई सकेसम्म सोही अनुसार सद्बीज छर्ने गरी व्यवस्थापन गरिनेछ ।

४) मृगस्थलीको फेन्सिङ्गभित्र प्रवेश गर्ने गेटहरु मध्ये ब्युटिपूल पार्कको गेट, गोरखनाथ नजिकको गेट र किराँतेश्वर मन्दिर अगाडिको गेटमा सशस्त्र प्रहरी र कोषको सुरक्षाकर्मी खटाउने, उक्त क्षेत्र भित्र र बाहिर नेपाल प्रहरीले समेत गस्ती गर्ने व्यवस्था मिलाईने छ ।

५) भुवनेश्वरी मन्दिर अगाडि शंकराचार्य मठको पश्चिम बाटोको छेउमा सामुदायिक प्रहरी, मित्रपार्कको सहयोगमा विगत बर्षहरुमा जस्तै खोजखबर कक्ष संचालन गरिनेछ ।

६) पशुपति क्षेत्रका उमाकुण्ड, गौरीघाट, गोरखनाथ, विश्रुपा, घाटक्षेत्र, वनकाली, वेदविद्याश्रम, कैलाश, आदि स्थानहरुमा समेत आवश्यकता अनुसार गस्ती तथा पिकेट स्थापना गरी सुरक्षा प्रबन्ध मिलाइनेछ ।

७) कैलाश डाँडा, विश्वरुपा मन्दिर र भकुण्डोलमा सशस्त्र प्रहरी बल, नेपाल र नेपाल प्रहरीको संयुक्त फिल्ड रिर्जभ टोली राख्ने व्यवस्था गरिनेछ ।

८) मेला क्षेत्रमा पाकेटमारी र अवाञ्छित क्रियाकलाप हुन नदिन सादा पोशाकमा प्रहरी खटाई पर्वको २ दिन अगाडिदेखि नै त्यस्तो क्रियाकलापमा संलग्न तथा शंकास्पद व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यक कारवाही गरिनेछ ।

९) कुनै व्यक्ति/संघ संस्थाको नामबाट कोही कसैले बत्ती बाले वापत शुल्क उठाएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिने छ ।

१०) श्री पशुपतिनाथ मन्दिर प्राङ्गणमा बालाचतुर्दशी पर्वको अघि पछि मिति २०८१/८/१४ र मिति २०८१/८/१६ गते भगवान् श्री पशुपतिनाथको कवज, मुकूट, नागमणी, एकमुखे रुद्राक्ष दर्शन गराउने व्यवस्था कोषले मिलाउने । त्यसका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको सहयोग लिई कोषको सुरक्षाकर्मी र कर्मचारी समेत खटाई व्यवस्थित गरिनेछ ।

११) आपत्कालीन उद्धार व्यवस्थाको पूर्व तयारी:- मेला क्षेत्रमा आईपर्न सक्ने सम्भावित दुर्घटनालाई मध्यनजर गरी सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा. विपद उद्धारले **Fire Extinguisher** सहितको विपद उद्धार टोली तैनाथ गर्ने । प्रहरी वृत्त, गौशालाले आफ्नो कार्यालयमा दमकल तैनाथ राख्ने र नेपाली सेनाका तर्फबाट समेत विपद उद्धार टोली खटाउने । साथै मेला क्षेत्रमा नेपाली सेना १४ नं. बाहिनीका तर्फबाट सैनिक प्रहरी गस्ती गर्ने व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौं (जिल्ला सुरक्षा समन्वय समिति, काठमाडौं) मार्फत् समन्वय गरी गर्ने ।

१२) बालाचतुर्दशी पर्वमा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी ढंगले व्यवस्थित गर्न सिसिक्यामेरा थप गरी अनुगमन समेत गर्ने व्यवस्था मिलाउने ।

सवारी साधन व्यवस्थापन :-

१) ट्राफिक प्रहरी कार्यालय रामशाहपथको समन्वयमा ट्राफिक प्रहरी प्रभाग गौशालाबाट मेला क्षेत्रमा सवारी आवागमन एवं पार्किङ्गका लागि आवश्यक व्यवस्था मिलाउने ।

२) मिति २०८१।०८।१४गते बिहान देखि मिति २०८१।०८।१५गते साँझ सम्म रिङ्गरोड देखि पशुपति क्षेत्रतर्फको सम्पूर्ण ईलाकामा सबै प्रकारका सवारी साधनको प्रवेश निषेध गर्ने व्यवस्था मिलाउने ।

पाल सायर व्यवस्थापन :-

बालाचतुर्दशी पर्व २०८१ का अवसरमा सुरक्षा व्यवस्थापनका लागि भकुण्डोल स्थित कारपार्कमा नेपाल प्रहरी एवं सशस्त्र प्रहरी बल, नेपालको कमाण्ड पोष्ट खडा गर्न र बत्ती बाल्ने भक्तजनहरुको लागि कोर क्षेत्र लगायत वनकाली, शंकराचार्य मठ, चार शिवालय र अन्य खाली स्थानहरुमा समेत पाल सायर टाङ्ने व्यवस्थाका लागि नेपाली सेनाको सहयोग लिन रक्षा मन्त्रालयमा अनुरोध गरिएको छ, सोही बमोजिम पाल सायरको व्यवस्था गरिनेछ ।

सरसफाईको व्यवस्था :-

१) बालाचतुर्दशी पर्वमा कोषका सफाईकर्मी कर्मचारीहरुबाट सद्बीजमार्ग सुधार तथा सरसफाई गराउने साथै पर्वका अवधिमा रातको समयमा समेत जनशक्ति परिचालन गरी सरसफाई गराउने व्यवस्था मिलाउने । मेला अवधिभर मन्दिर प्राङ्गणको निरन्तर सरसफाईको लागि कोष मातहतका सबै सफाईकर्मी परिचालित गर्ने र थप सफाईकर्मी परिचालन गर्नका लागि का.म.पा वडा.नं.८ लाई अनुरोध गरिएको छ । फोहोर संकलन कार्यका लागि का.म.पा.बाट कन्टेनर राख्न साथै

संकलित फोहोर डम्पिङ्ग साइडमा लैजान का.म.पा. को सहयोग लिने । पर्व सम्पन्न भैसकेपछि विशेष सरसफाईको व्यवस्था गर्न काठमाडौं महानगरपालिका, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको समेत सहयोगमा पाशुपत क्षेत्रको सफाई गर्ने ।

२) मेला क्षेत्रमा थप घुम्ती शौचालयका लागि का.म.पा. लाई अनुरोध गरिएको छ । नपुग शौचालयका सम्बन्धमा कोषबाटै अस्थायी शौचालय निर्माण गरिनेछ ।

स्वास्थ्य सेवा:

कोरक्षेत्रको वत्सलेश्वरी खट राख्ने डबलीमा बेड, एम्बुलेन्स सहितको स्वास्थ्य शिविर नेपाली सेनाको टोलीबाट सञ्चालन गर्ने । साथै अन्य इच्छुक संस्थाहरुले निःशुल्क रुपमा स्वास्थ्य शिविर सञ्चालन गर्न लिखित रुपमा अनुरोध गरेका आधारमा कोर क्षेत्र बाहिरको स्थान उपलब्ध गराउने ।

पानी व्यवस्थापन :

पिउनका लागि तथा नुहाउनका लागि पानीको निरन्तर आपूर्तिको व्यवस्थापनका लागि काठमाडौं उपत्यका खानेपानी लि. लाई अनुरोध गरी सकिएको छ, सोही अनुसार खानेपानीका आपूर्तिको व्यवस्था मिलाईनेछ ।

बिजुली बत्ती व्यवस्थापन :

मेला क्षेत्र एवं सद्बीजमार्गमा कोषबाट पर्याप्त बत्तीको व्यवस्था गर्ने र विद्युत आपूर्ति नियमित गरिदिनका लागि नेपाल बिद्युत प्राधिकरणलाई अनुरोध गरिसकिएको छ ।

मेला क्षेत्रमा राखिने पसलहरुको व्यवस्थापन :

१) बालाचतुर्दशी पर्वका दिन पशुपति क्षेत्रको गौशाला-भुवनेश्वरी मार्गको दायाँ बायाँ मात्र पसल संचालन गर्न दिने । गौशाला चोक देखि भुवनेश्वरी चोक सम्मको मार्ग बाहेक अन्यत्र कैलाश चौर लगायत कुनै पनि स्थानमा कुनै पनि प्रकारका पसलहरु संचालन गर्न दिइने छैन ।

२) परम्परागत रुपमा बालाचतुर्दशी पर्व/मेलाका दिन पसल सञ्चालन गर्नेहरुसँग साविक बमोजिम उपरोक्त अनुसार तोकिएका स्थानमा पसल राखी व्यवसाय सञ्चालन गरे वापत पशुपति क्षेत्र विकास कोषको रसिद काटी बहाल रकम उठाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा कोषको सुरक्षाकर्मीको सहयोग लिई गुठी जग्गा व्यवस्थापन शाखा (साविक श्रीअमालकोट कचहरी) बाट टोली गठन गरी भूबहाल रकम उठाउने व्यवस्था मिलाउने ।

सूचना प्रवाह :

१) भक्तजनहरुले वहुमूल्य गरगहना पहिरिएर नआउन, छालाका जुत्ता-चप्पल लगाएर मन्दिर प्रवेश नगर्न, चोरी तथा पाकेटमारी देखि सचेत रहन साथै पावन पाशुपत क्षेत्र मांस-मदिरा लगायत लागु पदार्थ वा कुनै पनि खालका नशालु पदार्थको ओसार पसार, भण्डारणका साथै बिक्री वितरण तथा सेवन गर्न निषेधित क्षेत्र भएकोले यस बारेका अधिक सूचना सम्प्रेषण गरिदिन हार्दिक अनुरोध गर्दछौ ।

२) मन्दिर प्राङ्गण, कोरक्षेत्र भित्र र बाहिर ढुङ्गा छापेको, पीच गरेको स्थानहरुमा सद्बीज नछर्न अनुरोध गरिन्छ । सकेसम्म जमिनमा पर्ने गरी मात्र सद्बीज छर्न भक्तजनहरुलाई विशेष रुपमा अनुरोध

गरिन्छ। यस कार्यमा स्वयंसेवक र सुरक्षाकर्मीहरुको समेत सहयोग लिईनेछ। यस विषयलाई विशेष रुपमा प्रचार-प्रसारको आवश्यकता रहेकोले आम सञ्चार माध्यमलाई कोष विशेष आग्रह गर्दछ।

३) मन्दिर तथा कोरक्षेत्रमा पराल तथा प्लाष्टिकका सामान साथै छिटो आगो टिप्ने खालका सामाग्रीहरु प्रयोग नगर्न विशेष अनुरोध गरिएको छ।

स्वयंसेवा परिचालन :

पशुपति क्षेत्र विकास कोषले संस्कृति संरक्षण महाशाखाको समन्वयमा आवश्यकता अनुसार पहिचान खुल्ने परिचय पत्र सहित खटिने स्थान र जिम्मेवारी समेत तोकी स्वयंसेवकहरु परिचालन गर्ने र सो को जानकारी सुरक्षा निकायहरुलाई समेत गराउने। कोषको प्रमाणित परिचय पत्र बिना कोही कसैलाई पनि आफूखुशी खटिन निषेध गरिएको छ।

विविध :

- सद्बीज मार्गलाई विगतमा झैं व्यवस्थित गर्न बागमती नदीमा आर्यघाट ब्रह्मनालसँगै नेपाली सेनाको सहयोगमा अस्थायी पुलको निर्माण गरिनेछ।
- भक्तजनहरुलाई साँझमा बत्ती सल्काउने सुविधाका लागि पश्चिम ढोका वाहिर २ दुई स्थानमा, दक्षिणढोका बाहिर २ दुई स्थानमा र २ नं. गेट पोडेपाटीमा समेत बत्ती सल्काउने व्यवस्था मिलाईनेछ।
- श्री पशुपतिनाथ अमालकोट कचहरीबाट दाउराको व्यवस्था गरी कैलाश चौर, हंशमण्डप, चारशिवालय आदि स्थानमा धूनी बाल्ने (क्याम्प फायर) व्यवस्था मिलाइनेछ। दाउराको व्यवस्था कोष आफैले गर्नेछ, नपुग भएमा नेपाल वन निगम लि. (साविक दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.) दाउरा डिपो वनकालीबाट व्यवस्थापन गरिनेछ (यसका लागि श्रीअमालकोट कचहरीका द्वारेलाई जिम्मेवारी तोकिएको छ)।
- सूचना सञ्चारलाई सहज बनाउन नेपाल टेलिकम (दूर संचार संस्थान)लाई बि.टि.एस. सेवाका लागि अनुरोध गरिएको छ।
- बालाचर्तुदशी पर्वका अवसरमा आफु स्वयम् उपस्थित भएर बत्ती बाल्न असमर्थ हुने तर बत्ती बाल्न चाहने ईच्छुक महानुभावहरुका लागि विगत वर्षहरुमा झै यस वर्ष पनि रु.२१००।- को रसीदबाट कोषमा आम्दानी बाँध्ने गरी रुद्रगाडेश्वर प्राङ्गणमा संकल्प गराई बत्ती बाली रातभर कुर्ने र बिहान बागमती नदीमा सेलाउने व्यवस्था कोषले मिलाउनेछ। सोका लागि इच्छुक भक्तजनहरुका लागि आवश्यक जानकारी सहित रसिद काट्न १४ गते रुद्रगाडेश्वरमा कोषबाट कर्मचारी खटाउने व्यवस्था मिलाईएको छ।
- मिति २०८१/०८/१५ गते पशुपति मन्दिर परिसरमा सद्बीज छर्ने भक्तजनहरुको अत्याधिक भिड हुने हुँदा भगवान् श्रीपशुपतिनाथ र श्रीवासुकीनाथमा हुँदैआएको विशेष पूजा संचालन गरिने छैन।

पशुपति क्षेत्र विकास कोष

मिति : २०८१/०८/१२ गते विहीबार